# आ.व.०७१/०७२ का नीतिगत निर्णयहरु

**निर्णय नं. ३**

साविकका गा.वि.स.हरुका आ.व. ०६०/७० को लेखापरिक्षण प्रतिवेदनमाथि छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

साविकका गा.वि.स. बाट हस्तान्तरण भई आएका सम्पूर्ण चल अचल सम्पत्तिको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

साविकका गाविस र दुल्लू नगरपालिका बाट आ.व. २०७०/०७१ मा सम्पन्न सम्पूर्ण आयोजनाहरु जाँचपास र फरफारक समितिको निर्णय बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

साविकका गाविस तथा नगरपालिकाका कार्यालयबाट गरिएका सम्पूर्ण आर्थिक तथा प्रशासनिक कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस दुल्लू नगरपालिकाको रिक्त स्वीकृत दरवन्दिमा पदपूर्ति गर्न स्थानीय स्वायत्त शासन नियमावली २०५६ को दफा २१५ को उपदफा १(क) बमोजिम श्री बासुदेव कार्की, (दुल्लू नगरपालिका वडा नं. ४) लाई पदपूर्ति समितिको अध्यक्ष तोक्ने निर्णय गरियो ।

**निर्णय नं.८**

यस नगरपरिषदबाट स्वीकृत भएको नीति कार्यक्रम तथा बजेटको मर्म र भावनामा फरक नपर्नेगरी तत्काल निर्णय लिई गर्न पर्ने आर्थिक तथा प्रशासनिक कार्यहरु गर्नको लागि नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

साविकका गाविसहरुमा विभिन्न पदमा कार्यरत अस्थायी कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्म सोही पदमा सेवामा निरन्तरता दिन नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

फरक क्षमता भएका विद्याथीहरुका लागि यस दुल्लू नगरपालिका भित्र भवन निर्माण गरिदिन सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

धुलेश्वर मन्दिर परिसरमा साँस्कृतिक पार्क निर्माण, दुल्लू नगरपालिका वडा नं. ४ बारतडीमा पिकनिक स्पट निर्माण, दुल्लू नगरपालिका सिद्धस्थलीमा भ्युटावर निर्माणका लागि पर्यटन तथा सँस्कृति मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

दुल्लू नगरपालिका भित्र रहेको खानेपानी समस्या समाधान गर्न बारतडी बृहत खानेपानी योजना,सिस्ने छिउडी खानेपानी योजना, मुलधारा गाग्रेगाड खानेपानी योजना, बग्ने लुजई खानेपानी योजना, छिपछिपे पोखरा खानेपानी योजना निर्माण तथा सञ्चालनको लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

तपसिलमा उल्लेखित सिँचाई तथा तटबन्ध सँग सम्बन्धित योजनाहरु निर्माण गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**सिँचाई तर्फ**

क) नारीकामुल सिँचाई योजना, पालि दुनपा ३
ख) बाग्दुला भण्डारा सिँचाई योजना दुनपा १
ग) गिटीखोला काप्री सिँचाइ योजना दुनपा २
घ) घट्टेखोला सिँचाई कुलो निर्माण योजना दुनपा ४
ङ) पातालखोला गाडखेत सिँचाई कुलो दुनपा ४
च) बजेडा सिँचाई कुलो साँनगाउँ, दुनपा ४
छ) वारटडी बृहत सिँचाई योजना दुनपा १, ४, ५
ज) घट्ट्गाड आमखेत निगाला सिँचाई कुलो दुनपा ५
झ) घरखेत सिँचाई कुलो दुनपा ५
ञ) गाइखुरे सिरुकाना सिँचाई कुलो निर्माण, दुनपा ६
ट) कालाखोला कालाहम सिँचाई कुलो, दुनपा ५
ठ) टिमुरे खोला तिनतला सिँचाई कुलो, दुनपा ८
ड) गडाज्यूला सिँचाई कुलो, दुनपा १०

**तटबन्ध तर्फ**

क) इग्रेत बागखोर तटबन्ध निर्माण, दुनपा ३
ख) लामा साज, ढाँडखेत, भण्डारीखेत तटबन्ध निर्माण, दुनपा ३
ग) हेराउ ढुंगा बानदेव तटबन्ध तथा पक्की पर्खाल निर्माण, दुनपा ४
घ) सुनढुंगे पहिरो नियन्त्रण, दुनपा ३
ङ) गडाज्यूला नदी नियन्त्रण योजना, दुनपा १०
च) ढाँक हाडेचौर तटबन्ध निर्माण योजना, दुनपा ८
छ) खेतीखोला, बाणगँगा, पहिरो नियन्त्रण, दुनपा १०
ज) तल्लो डुंगेश्वर रेवती खोला, लोहोरे खोला, नदी नियन्त्रण एवं तारजाली, दुनपा १
झ) तरिया खोला सिमखाडा पहिरो नियन्त्रण, दुनपा २

## निर्णय नं. १४

यस नगरपालिका मा रहेका देहाय बमोजिमका ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धनको लागि, पर्यटन तथा सँस्कृती मन्त्रालय, पुरातत्व विभागमा अनुरोध गरी पठाउने निर्ण गरियो ।

क) किर्तिखम्ब संरक्षण दुनपा ७
ख) प्रथम नेपाली भाषाको शिलालेख संरक्षण दुनपा ७

ग) पादुकास्थान दुनपा ९

घ) तल्लो डुंगेश्वर दुनपा १

ङ) धुलेश्वर मन्दिर क्षेत्र दुनपा ८

च) स्वामी कार्तिकेय मन्दीर दुनपा ३

छ) जसपाउ थापाको अभिले र पौवा घर, दुनपा ८

ज) लम्जी पञ्चदेवल, दुनपा १०

झ) पञ्चदेवल/देवल संरक्षण, दुनपा ७

ञ) पाथरनाउली, दुनपा ५

ट) सिद्धस्थली दुनपा ५

ठ) तियाडीस्थान, दुनपा ३,४,२

ड) माइ भगवती मन्दिर, दुनपा ५

ढ) कालीका भगवती, विजया मन्दिर, दुनपा ७

भ) दुल्लू दरबार पुनर्निर्माण, दुनपा ७

ण) विभिन्न स्थानमा रहेका देउतीबज्यैका मन्दिरहरु

त) कपुरनाउली, भुमेथा संरक्षण , दुनपा ५

थ) ब्रह्मकुण्ड, दुनपा ८

द) धर्मगद्धि संरक्षण, दुनपा ७

ध) बाणगंगा मन्दिर संरक्षण, दुनपा १०

न) त्रिपण्डी गल्लापानी, दुनपा १०

प) भैरव मन्दिर संरक्षण दुनपा ३, ४, १०

फ) मष्टा मन्दिर संरक्षण, दुनपा ३

ब) गाइखुर, राहिल संरक्षण, दुनपा ६

## निर्णय नं. १५

यस नगरपालिकका देहायका स्थानमा झोलुंगे पुल निर्माणका लागि जिविस दैलेख र सम्बन्धित निकायमा माग गर्ने

क) घट्टेखोला झो.पु. निर्माण योजना, दुनपा १ र ५

ख) भुनेतडा कालाबालुवा, अछाम रहफ झो.पु. दुनपा ३

ग) लामादुवाला भुलु अछाम झो.पु. निर्माण , दुनपा ३

घ) द्वार खोला गाइखुर झो.पु. दुनपा ५ र ६

ङ) उनेखोला झो.पु. दुनपा ६

च) लयापाटा, ठुलाखोला झो.पु. दुनपा १ र ५

## निर्णय नं.१६

यस दुल्लू नगरापलिका भित्र ल्याण्डफिल साईड निर्माण गर्न तपसिलमा उल्लेखित स्थानहरु छनौट गरी सम्भाव्यता अध्ययन बाट सम्भाव्य देखिएको स्थानमा ल्याण्डफिल साईड निर्माण गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

क) गाइखुरे द्वारखोला दुनपा १ र ५

ख) डाँडा खाली लुडाह दुनपा ८

ग) लम्जी नाउलेचौर दुनपा १०

## निर्णय नं. १७

नेपाली भाषाको पहिलो शिलालेख, किर्तीखम्ब र विरखम्बहरु रहेको दुल्लू नगरपालिका वडा नं. ७ को जमिन इलाका हुलाक कार्यालय दुल्लू, लोकबहादुर दानी, हिराकुमारी खड्का र सुफल विक्रम शाहको नाममा रहेकोले सो जग्गा प्राप्तीको लागि स्मारक समिति गठन गरी संरक्षण गर्ने र आर्थिक एवं प्राविधिक सहयोगका लागि पुरातत्व विभागमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

## निर्णय नं.१८

हिन्दु र वौद्ध धर्मावलम्बिहरुको सम्मीश्रण स्थलको रुपमा रहेको बास्तुकलाको अनुपन नमुना दुल्लू न.पा. वडा नं. ५ को पाथरनाउली पुरतत्व विभागको क वर्गको सम्पदा भएकोले उक्त क्षेत्रलाई स्मारक क्षेत्र घोषणा गरी संरक्षका लागि जग्गा धनी मोतीप्रसाद जैसी, अम्मर बहादुर भण्डारी र कमल प्रसाद शर्माको जग्गा प्राप्त गरी संरक्षण सम्बन्धि आवश्यक कार्य गरीदिन पुरातत्व विभागमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

## निर्णय नं.१९

तल्लो डुंगेश्वर, दुल्लू पिपलकोट सडकको दुल्लू नगरपालिका क्षेत्र भित्रको खण्डलाई तल्लो डुंगेश्वर सातखम्ब, घियातीदु भुवाटाकुरा गडाज्यूला हुँदै आरपाटा सम्म सडकको लेआउट परिवर्तन गर्नका लागि सडक विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. २०

नगरपालिकाको चाँदनी चोक देखी पटांगीनि सम्मको उपयुक्त स्थानमा सभाहल निर्माण गर्नका लगि सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

## निर्णय नं.२१

साविकका गा.वि.स.मा कार्यरत विभिन्न गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई निरन्तरता दिई सञ्चालन गरिदिन सम्बन्धित संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.२२

दुल्लू नगरपालिकामा गुणस्तरिय तथा सर्वसुलभ खानेपानी सेवा उपलब्ध गराउन तपसिल बमोजिमका मुहानहरु दुल्लू नगरपालिकाको नाममा दर्ता गर्ने पक्रिया अगाडी बढाउने र उल्लेखित खानेपानी आयोजनाहरुको कार्यान्वयनका लागि आवश्यक आर्थिक एवं अन्य सहयोग गरिदिनहुन खानेपानी संस्थान त्रिपुरेश्वर, काठमाण्डौमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**मुहानहरु**

क) ठुलोखोला मुहान दुनपा १
ख) गाइखुरे खोला मुहान दुनपा ५ र ६
ग) दल्मधारा मुहान, दुनपा ८
घ) सानीमुग्राह मुहान दुनपा ८

**निर्णय नं. २३**

दुल्लू नगरपालिका अन्तर्गतका विभिन्न वडामा रहेका देहाय बमोजिमका खानेपानी योजनाहरु निर्माण एवं मर्मत सम्भारका लागि आवश्यक सहयोग गरिदिनहुन विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

क) सानीमुल खानेपानी योजना, तल्लो पाली, दुनपा ३
ख) लुगाधुने खोला,पानसैन, राले खानेपानी योजना दुनपा २
ग) सियाला खानेपानी योजना दुनपा १०
घ) पिपलगैरा ठाँटा खानेपानी योजना मर्मत, दुनपा १
ङ) गाँडापानी धुलेगल्वा खानेपानी योजना दुनपा १
च) राग्मी चौर खा.पा. दुनपा ८
छ) घोडाखेत धारखोला खा.पा. दुनपा ३
झ) पाथरनाउली रनुखाना खानेपानी योजना दुनपा ५
ञ) धाराखोला पिरु खानेपानी योजना, दुनपा ३

**निर्णय नं. २४**

मिति २०७१ आषाढ ९ गत्ते यस नगरपालिका द्वारा आयोजित सर्वपक्षिय भेलाबाट निर्णय भई जिल्ला विकास समितिको कार्यालय, दैलेखको सिफारिस सहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा स्वीकृतिका लागि पठाइएका तपसिलमा उल्लेखित वडा केन्द्रहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| वडा नं. | वडा केन्द्र | साविकको गाविस |
|---|---|---|
| १ | देउतीचौर | नाउलेकटुवाल ८ |
| २ | वडापोखरा | नाउलेकटुवाल १ |
| ३ | नारिकामुल पानी (पाली) | नेपा ६ |
| ४ | बगौरा डाँडा | दुल्लू ७ |
| ५ | बडीका डाँडा | दुल्लू ८ |
| ६ | गणेशस्थान | छिउडीपुसाकोट ३ |
| ७ | पटाङ्गीनि | दुल्लू १ |
| ८ | पौवा | पादुका ५ |
| ९ | हुलाक चौतारा | पादुका २ |
| १० | चगत्रा बजार | बडलम्जी ५ |

**निर्णय नं. २५**

यस दुल्लू नगरपालिकाको स्थायी संगठन संरचना निर्माण नभएसम्मको लागि हाललाई संलग्न अनुसूची २ अनुसारको अस्थायी संगठन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**

दुल्लू नगरपालिकाको प्रथम नगरपरिषदको दुल्लू नगरपालिकाका कार्यकारी अधिकृत श्री भक्तिराम मरासिनी द्वारा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

दुल्लू नगरपालिकाको प्रथम नगरपरिषद्मा प्रमुख अतिथि भई नगरपरिषद उद्घाटन् गरिदिनुभएकोमा जिल्ला विकास समिति, दैलेखका स्थानीय विकास अधिकार श्री जिवलाल भुसालज्यू प्रति कृतज्ञता ज्ञापन गर्ने निर्णय गरियो ।